बैठक संख्या :- १३१
मिति : - २०७९/१२।२९ बुधवार
समय :- बिहान ७.३० वजे

कमलामाई नगर कार्यपालिका प्रमुख श्री उपेन्द्र कुमार पोखरेल ज्यु को अध्यक्षतामा निम्नानुसारको उपस्थीतिमा कार्यापालिकाको बैठक बस्यो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री उपेन्द्र कुमार पोखरेल | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | उप-प्रमुख |
| श्री नरेश गोले | वडाअध्यक्ष १ |
| श्री ईन्द्र वाईवा | वडाअध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडाअध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडाअध्यक्ष ४ |
| श्री पुर्ण बहादुर खड्का | वडाअध्यक्ष ५ |
| श्री उज्ज्वल कुमार थापा | वडाअध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिसिङ्ग | वडाअध्यक्ष ७ |
| श्री कोमल कुमार श्रेष्ठ | वडाअध्यक्ष ८ |
| श्री विनोद प्रधान | वडाअध्यक्ष ९ |
| श्री दिप बहादुर कार्की | वडाअध्यक्ष १० |
| श्री रामबहादुर थिङ | वडाअध्यक्ष ११ |
| श्री भिमबहादुर गुर्मछान | वडाअध्यक्ष १२ |
| श्री केशर बहादुर कार्की | वडाअध्यक्ष १३ |
| श्री राजन न्यौपाने | वडाअध्यक्ष १४ |
| श्री उमा विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री जमुना कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री देवि देवकोटा | कार्यपालिका सदस्य |
| श्री धन कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री भद्रीमाया हायु | कार्यपालिका सदस्य |
| श्री मान बहादुर दमाई | कार्यपालिका सदस्य |
| श्री राजन बहादुर भुजेल | सचिव ( प्र.प्र.अ.) |
| श्री ~~निरीकसेन ढकाल~~ सुरेन्द्र प्रसाद ढकाल. | |

वैठक संख्या :- १३१
मिति :- २०७९/१२/२९ बुधवार
समय :- विहान : ०७:३० वजे

प्रस्तावहरु
१. पुर्ववत निर्णय सम्बन्धमा,
२ .बजेट तथा कार्यक्रम प्रदेश सरकार,
३. उपभोक्ता समिति म्याद थप सम्बन्धमा,
४. ढाका उद्योग प्रर्वद्धन क.न.पा ७,
५. वाल क्लब र महिला सजाल गठन कार्यविधि, २०७९
६. म्याचिङ फन्ड नेवा,
७. भमिहिन सम्बन्धमा ,
८. खेलकुद कार्यक्रममा सम्बन्धमा,
९. नारी दिवस सम्बन्धमा ,
१०. शिक्षक स्वेच्छिक अवकाश कार्यविधि सम्बन्धमा,
११. शिक्षक पदस्थापनबाट विस्थापित हुने शिक्षक सम्बन्धमा,
१२. वरुण देवी मावि खट्टारको विषय शिक्षक परिवर्तन सम्बन्धमा,
१३. कक्षा ८ को ग्रेड वृद्धि परिक्षा सम्बन्धमा,
१४ अध्यापन अनुमति पत्र सम्बन्धमा ,
१५ खेलकुद सम्बन्धमा,
१६. ईजाजत पत्र नविकण, इजाजत र ठाउसारी,
१७. निर्माण व्यवसायी ईजाजत कार्यविधि संशोधन सम्बन्धमा,
१८. सिन्धुली कन्स्ट्रक्शन ढुङ्गा, वालुवा प्रशोधन,
१९. एरो नेटको म्याद थप सम्बन्धमा,
२०. प्रदेश सरकारसंग माग गर्ने आयोजना सम्बन्धमा,
२१. कमलामाई नगरपालिका प्रशासकीय भवन निर्माण र वडा नं. ५ मा पार्क निर्माण सम्वन्धमा ,
२२. मदन भण्डारी राजमार्ग,
२३. विषयगत समिति गठन सम्बन्धमा,
२४. नाला सरसफाई,
२५. कृषि र पशुतर्फ लाभग्राही छनौट गर्दा आर्थिक विकास समितिबाट निर्णय र अनुगमन,
२६.अदुवा, बेसार पकेट विकास कार्यक्रम,
२७. नमोबुद्ध मौरी पालन कृषक समुहसंग कागती बाली कार्यक्रम,
२८. स्वीकृत कृषि सिकाई केन्द्र सम्बन्धमा,
२९. उपप्रमुख कृषि आय आर्जन कार्यक्रम,
३०. प्राङ्गारीक खेती सम्बन्धमा कृषि फर्म छनौट,
३१. अमिलो जातको वालीमा विषादी परिक्षण सम्बन्धमा,

निर्णय नं. १:-यस पुर्व भएका निर्णयहरु माथि छलफल भयो ।

निर्णय नं.२:-आर्थिक वर्ष ०८०।०८१ लागि तपसिलमा उल्लेखित अनुसारका आयोजनाहरु बगमति प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाउने निर्णय गरियो ।

| सि न | आयोजनाको नाम |
|---|---|
| | **सडक तर्फ** |
| १ | कनपा ११माईस्थान पुल देखि कनपा १० दोभान हुदै कनपा १३ रुचानी गागन तिनपाटन छरछरे सडक |
| २ | कनपा ७ रामपुर टसार वाफे तिनपाटन गाँउपालिका सडक |
| ३ | माईस्थान माईसिर वेलटार ईश्वरपुर सडक वडा न १ र ८ सडक |
| ४ | सानो करकरे रानीखोला वाफे साङवाले रिङरोड कनपा ५ र ४ |
| ५ | विपि नगर विच फाँट रामडिहि धारा भञ्ज्याङ सातपत्रे ढकाल गाँउ शिखर दुजिङ मैवले लेखर्क वेसारे सडक कनपा ४ र २ |
| | **कृषि तर्फ** |
| १ | कनपा शित भण्डा केन्द्र निर्माण |
| २ | कनपा तरकारी जोनको रुपमा विकास गर्ने |
| ३ | कनपा पशुपालन केन्द्रको रुपमा विकास गर्ने |
| | **पर्यटकीय क्षेत्र** |
| १ | सिन्धुली गढि पर्यटन पूर्वाधार विकास |
| २ | कमलामाई मन्दिर पर्यटन पुर्वाधार विकास |
| ३ | सिद्धवावा मन्दिर पर्यटकिय पुर्वाधार विकास |
| ४ | कनपा ५ रातमाटे डाँडामा मिनि चिडीयाखाना र पार्क निर्माण |
| ५ | रक्तमाला मन्दिर पुर्वाधार निर्माण ४ |
| ६ | केरावारी गुम्वा निर्माण |
| ७ | कनपा १ वेल्टार गुम्वा निर्माण |
| ८ | कनपा ७ ज्याम्दु गुम्वा निर्माण |
| ९ | कनपा २ वोहोरे माफ गाँउ गुम्वा निर्माण |
| १० | कनपा ५ कालिमाटि रगशाला अधुरो खेल मैदान कम्पाउण्ड निर्माण |
| | **स्वास्थ्य तर्फ** |
| १ | कनपा ९ भिमान अस्पताल चिकित्सक भवन निर्माण |
| २ | कनपा ६ कोभिड अस्पताल लाई ट्रमा सेन्टरको रुपमा चिकित्सक र उपकरणको व्यवास्थापन |

निर्णय नं.३ :- चाल आर्थिक वर्ष ०७९।०८० मा स्वीकृत योजनाहरु को सम्फौता गर्न वाकी रहेको हुँदा कमलामाई नगरपालिका उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि,२०७८ मा व्यवस्था भएको प्रकृया पुरा गरि मिति २०७९ वैशाख १० गते सम्म सम्फौताको अन्तिम म्याद तोक्ने निर्णय गरियो ।

निर्णय नं.४ :- चालु आर्थिक वर्ष ०७९।०८० मा ढाका प्रर्वद्धन कार्यकमको लागि विनियोजित रु.८४००००।– लुङ्गेलीटार ढाका उद्योग कनपा - ७ मार्फत भएको सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ :- वाल क्लब गठन तथा संचालन कार्यविधि र महिला सजाल गठन र परिचालन सम्वन्धी २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.६ :- कमलामाई नगरपालिका र नेपाल स्वास्थ्यको लागि पानी संस्था संग रानीचरी रगमहल खानेपानी तथा सरसफाई आयोजना– १० संचालनको लागि भएको सम्झौता अनुसार उक्त योजना सचालनको लागि नेपाल विद्युत प्राधिकरणलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.७:-भुमिहिन दलित, भुमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरुको आदेन फाराम छुट सम्वन्धमा पुनः सुचना कायम गरिदिन र जग्गाधनि पूर्जा वितरण कार्यका लागि हाल मौजुदा जनशक्ति कमी भएकोले कम्तिमा चार जना प्राविधिक उपलब्ध को लागि राष्ट्रिय भुमि आयोग ताँहाचालमा अनुरोध गर्ने साथै कमलामाई नगरपालिका वडा नं ३ वाट भुमिहिन दलित, भुमिहिन सुकुम्वासीहरुलाई लालपूर्जा वितरण कार्य शुरु गर्ने निर्णय गरियो ।

निर्णय नं.८:-कमलामाई नगरपालिका मेयर कप र नगर उप प्रमुख महिला भलिवल खेलकुद कार्यक्रमको सहभागि खेलाडीहरुको लागि एउटा खेलमा सहभागि भएमा रु. २५ हजार र दुई वटा खेलकुदमा सहभागि भए रु. ३० हजार वडा कार्यालयवाट सिफारिस भई पेश भएको विल भरपाई अनुसार भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.९ :-आर्थिक वर्ष ०७९ । ०८० नारी दिवस कार्यक्रम सचालन भई सकेको हुँदा सो खर्च वापत प्रत्येक वडाहरुलाई रु १००००।- का दरले उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.१० :- शिक्षक स्वेच्छिक अवकाश कार्यविधि ,२०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.११ :- शिक्षक सेवा आयोगपाट सिफारिस भई शिक्षा विकास तथा समन्वय ईकाई सिन्धुली ले नियुक्ति दिई यस पालिकमा सिफारिस भएका शिक्षकहरुको पदस्थापना गर्दा विस्थापित हुने शिक्षकहरुका व्यवस्थापनको लागि २०७९ असार सम्मका लागि वजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२ :- श्री वरुणदेवी मावि खटारमा मावि तहको रिक्त रहेको राहत कोटाको विज्ञान विषयको सट्टामा गणित विषयको राहत कोटा परिवर्तन गर्न निर्णय गरियो ।

निर्णय नं.१३ :- कक्षा ८ को ग्रेड वृद्धि परीक्षा २०७९ को लागि आवश्यक पर्ने रकम शिक्षा विविध शिर्षकवाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं.१४:- नगरपालिका अर्न्तगत सञ्चालन भएका रिक्त नगर शिक्षक ( मावि र निमावि) , संघीय अनुदान , प्रदेश अनुदान (मावि र निमावि) कोटाको अग्रेजी,विज्ञान र गणित विषयक शिक्षकको आवेदन गर्दा २ पटक सम्म पनि अध्यापन अनुमति पत्र भएका परिक्षार्थिहरुको

निवदेन नपरेमा तेश्रो पटकमा अध्यापन अनुमति पत्र नभए पनि आवेदन दिन सक्ने व्यवस्था गर्ने।

निर्णय नं.१५:-प्रगतिशिल युवा क्लब अफ दोभान भिमानलाई गोकुलगंगा गाँउपालिका नामाडी रामेछापमा भलिबल प्रतियोगितामा सहभागि हुदाँ पेश भएको विल भरपाई अनुसार रु.६००००। सम्मभैपरी आउने शिर्षकवाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.१६ :- घ वर्ग को ईजाजत प्रमाण पत्र र ठाउसारी का लागि निम्नानुसार निर्माण व्यवसायीहरुलाई उपलब्ध गराउने निर्णय गरियो ।

क) लक्की वान बिल्डर्स एण्ड सप्लायर्स निर्माण सेवा कनपा ५ प्रो शेर बहादुर श्रेष्ठ
ख) सिभि कन्स्ट्रक्शन एण्ड सप्लायर्स निर्माण सेवा कनपा ९ प्रो चित्र बहादुर पुलामीब
ग) पुष्पा सिम्रन कन्स्ट्रक्शन एण्ड सप्लायर्स प्राली कनपा ५ प्रो श्री राजदेव महत्तो
घ) मिष्ट्री मुन कन्स्ट्रक्शन प्राली कमलामाई नपा वडा नं.३ (नामसारी)

निर्णय नं.१७:- घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७४ को दफा नं. ३ मा व्यवस्था भए अनुसार समय भित्र नविकरण हुन नसेकेका समय भित्र कर चुक्ता र व्यवासायी ईजाजत नविकरण भएका ईजाजत प्राप्त निर्माण व्यावसायीहरुको नियमानुसार लाग्ने दस्तुर लिई एक पटकको लागि कार्यविधि शंसोधन गरि नविकरण गर्ने निर्णय गरियो ।

निर्णय नं.१८ :- ढूङ्गा वालुवा प्रशोधन कार्यविधी अनुसार यस पूर्व कार्यपालिकावाट निर्णय भए अनुसार सिन्धुली कन्ष्टक्शन प्राली लाई वालुवा प्रशोधन सम्बन्धी ईजाजत प्रमाण पत्र दिने निर्णय गरियो ।

निर्णय नं. १९ :- कमलामाई अन्तरगत एरो नेट संग आवश्यक्ता र औचीत्यताको आधारमा २०८० आषाढ मशान्त सम्मको लागि सम्झौता नविकरण गरि म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं.२० :- आर्थिक वर्ष ०८०।०८१ को बागमति प्रदेश सरकारसंग निम्न अनुसारका आयोजनाहरु माग गर्ने निर्णय गरियो।

क. कनपा १देखी १४ वटै वडामा चुरे क्षेत्र खोला खहरे नियन्त्रण
ख.मुलकुलो सिचाइ कनपा ४
ग. धारा भञ्जयाङ सिचाई कनपा ४
घ.ढुङग्रेवास खेत सिचाइ कनपा ४
ङ) ग्वाङ्गखोला नदि नियन्त्रण कनपा ४
च) मिलनचोक बजार तथा नया वस्थी संरक्षण कनपा ४
छ) लव्दहा खोला नियन्त्रण कनपा ४
ज) बृहत्तर खानेपानी योजना कनपा ४
झ) कुलाखोला दोभानमा शिव मन्दिर सरक्षण घेरावेरा टर्सहल निर्माण १०
ञ) धार्मिक पुरातात्विक कमलामाई माई मन्दिर क्षेत्रमा आश्रम निर्माण ८
ट) चदाहा दोभानमा ताल निर्माण १०
ठ) अधुरो गणेशमान स्मृती कर्भड हल निर्माण ४ ढकालगाँउ
ड) ग्वाडखोला तटवन्ध कनपा ६
ढ) धुरावजार ढुङ्गेवास विपिनगर सडक स्तर उन्नती ६

ण) फुलबारी टोल सडक स्तर उन्नती ६
त) फिटिङ भिरगाँउ शिरुडाडा कनपा १० जोडने सडक निरन्तरता
थ) तारुफेदी कुडूले खुर्कोट सडक ३
द) निगाले तारुफेदी गौतम वडा कार्यालय सडक ३
ध) भालुखोला सिरुडाडा ठोलागाँउ सडक कनपा ३ गोलोन्जर सडक
न) कनपा १० फेदी मुजुरा सडक स्तरन्नोति
प) कनपा १० गोविन्द माझिको घर देखि वडा कार्यालय हुदै स्कुल जाने बाटो
फ) कनपा १० को साविक १७ मा पक्कि प्रतिक्षालय देखि बेचु माझीको टोलमा जान मटेरी खोलामा पुल
ब) कनपा १० अन्तरे खोलामा पुल
म) कनपा १० को खोरखोलामा पुल

निर्णय नं. २१ :- कमलामाई नगरपालिका प्रशासकीय भवन निर्माण र कमलामाई नगरपालिका ५ पार्क निर्माण को लागि नेपाल सरकार संग माग गर्ने निर्णय गरियो ।

निर्णय नं.२२ :- मदन भण्डारी राजमार्ग अन्तरगत सामान्य विवाद भई बाटो निर्माण गर्न बाकी रहेको ठाँउमा सम्बन्धीत सबै निकायको बैठक राखि विवाद आएका समस्यालाई समाधान गर्ने सम्बन्धीत व्यक्तिहरुलाई सहमतिमा ल्याई उक्त निर्माण हुन बाकी सडक आर्थिक वर्ष भित्र सम्पन्न गर्नको लागि अनुरोध गर्ने र समस्याको जवाफदेहिता समेत नगरपालिकाले जिम्मा लिने निर्णय गरियो ।

निर्णय नं.२३ :-तपसिलमा उल्लेखित विकास समितिहरुमा यस अघि नै संयोजक तोकि सकेको अवस्था हुँदा न.पा.को सम्बन्धित शाखा प्रमुख सदस्य सचिव रहने गरी तपसिलमा उल्लेखित कार्यपालिकाका सदस्यहरुबाट समिति गठन गर्ने निर्णय गरियो ।

क) सार्वजनिक सेवा तथा क्षमता विकास समिति
  सदस्य- श्री दीप बहादुर कार्की
  सदस्य- श्री उमा विक

ख) आर्थिक विकास समिति
  सदस्य - श्री पुर्ण बहादुर खडका
  सदस्य - श्री जमुना श्रेष्ठ

ग) सामाजिक विकास समिति
  सदस्य - श्री राजन न्यौपाने
  सदस्य - श्री देवी देवकोटा

घ) वातावरण तथा विपद व्यवस्थापन समिति
  सदस्य - श्री धन कुमारी श्रेष्ठ
  सदस्य - श्री राजन भुजेल

ङ) विधेयक समिति
  सदस्य - श्री विनोद प्रधान
  सदस्य- श्री शिव कुमारी रायमाझी

च) पुर्वाधार विकाश समिति
  सदस्य - केशर बहादुर कार्की
  सदस्य - मान बहादुर दमै

निर्णय नं.२४ :- :कमलामाई नगरपालिका वडा नं. ४,५,६ मा अवस्थित नालाहरु सरसफाईको लागि रु. तिन लाख उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २५:-कमलामाई नगरपालिकाको आ.ब. २०७९/८० को कृषि विकाश शाखा र पशुपंन्छी विकाश शाखा तर्फ विभिन्न कार्यक्रम संचालन गर्दा लाभग्राहि छनौट गर्ने अनुगमन गर्ने र कृषि तथा पशु पक्षि शाखा सम्बन्धी आर्थिक विकास समितिको निर्णय वाट सचालन गर्ने ।

निर्णय नं. २६ :-कृषि तर्फको संधिय ससर्त आ.ब. २०७९/८० को आ.ब. २०७८/७९ मा स्थापना भएको अदुवा/बेसार पकेट विकास कार्यक्रम निरन्तरता कार्यक्रम अन्तरगत गत आ.ब. मा प्रगतिशिल महिला बेसार खेती कृषक समुह क.न.पा. २ ले गत आ.ब. मा यो कार्यक्रम संचालन गरेको र यस आ.ब. मा पनि कार्यक्रम संचालन का लागि आबेदन पेश गरेको हुँदा नियमानुसार प्रगतिशिल मंहिला बेसार खेती कृषक समुह संग सम्झौता गरी कार्यक्रम संचालन गर्ने भनि निर्णय गरियो।

निर्णय नं. २७ :-कृषि तर्फको संधिय ससर्त आ.ब. २०७९/८० को नयाँ सुन्तलाजात फलफुल बाली पकेट विकास कार्यक्रम सञ्चालन गर्नका लागि मिति २०७९/०५/२६ को कार्यपालिकाको वैठक को निर्णय बमोजिम कमलामाई नगरपालिका वडा नं. ७ तोकेको र कमलमाई नगरपालिका मार्फत कार्यक्रम संचालनका लागि प्रस्तावना माग गर्दा नमोबुद्ध मौरी पालन कृषक समुह क.न.पा. ७ ले मात्र कागती बालिमा कार्यक्रम संचालन गर्ने भनि आवेदन पेश गरेको हुँदा उक्त कृषक समुह लाई छनोट गर्ने र कार्यक्रम संचालन प्रकृया नियमानुसार अगाडी बढाउने भनि निर्णय गरियो।

निर्णय नं. २८ :-कमलामाई नगरपालिकाको आ.ब. २०७९/८० को बार्षिक स्विकृत कृषि सिकाई केन्द्रको स्थापना कार्यक्रम संचालन गर्नका लागि रु.७०००००। (अक्षरुपी सात लाख मात्र) विनियोजन गरिएको हुँदा उक्त कार्यक्रम संचालन गर्नका कृषि बिषय पढाइ  हुने प्रभात मावि कनपा १३ रानीवास र जनज्योति मावि फोस्रेटार लाइ रु३५०००० का दरले सिकाइ केन्द्र स्थापना गर्नका लागि सहयोग गर्ने र उक्त विघालयहरुले सिकाइ केन्द्र स्थापना पश्चात नगरपालिका भित्रका कृषकको सिकाइ मा सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. २९ :- कमलामाई नगरपालिकाको आ.ब. २०७९/८० को बार्षिक स्विकृत उप प्रमुख कृषि आयआर्जन कार्यक्रम संचालन गर्नका लागि रु लागि रु.७०००००। (अक्षरुपी सात लाख

मात्र) विनियोजन गरिएको हुँदा उक्त कार्यक्रम संचालन गर्नका लागि व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारीको प्रस्तावना माग गर्ने र निवेदकहरुले माग गरे बमोजिमको क्रियाकलाप को आवश्यकतालाई मध्यनजर गरि कार्यक्रम संचालन गर्ने भनि निर्णय गरियो।

निर्णय नं. ३० :- कमलामाई नगरपालिकाको आ.ब. २०७९/८० को बार्षिक स्विकृत प्राङ्गारिक खेती कार्यक्रम अन्तरगत रु.५०००००। विनियोजन गरिएको र उक्त कार्यक्रम संचालन गर्नका लागि कृषि शाखा बाट आवेदन माग गर्दा तपशिलका कृषक/कृषि फर्म/कृषि सहकारी हरुले आवेदन पेश गरेको हुँदा आवेदन पेश गर्ने प्रत्येक कृषक/कृषि फर्म/कृषि सहकारी लाई बढिमा रु.१०००००। (अक्षरुपी एक लाख मात्र) नगर ले सहयोग गर्ने र ५०% लागत साझेदारी कृषि फर्मको समेत हुने गरि प्राङ्गारिक खेती सम्वन्धी क्रियाकलापहरु संचालन गर्न तपशिलका कृषि फर्मलाई छनोट गर्ने र कार्यक्रम संचालन गर्ने भनि निर्णय गरियो।

तपशिलः

१. पवित्रा कुमारी ढुङ्गेल क.न.पा. ४ (स्वस्तिक एण्ड स्वस्तिका आधुनिक नमुना एग्रो फर्म क.न.पा. ४)
२. संजिव श्रेष्ठ क.न.पा. ३ (श्रेष्ठ कृषि, फलफुल तथा पशुपंक्षी पालन ब्यवासय क.न.पा. ३)
३. पदम बहादुर श्रेष्ठ क.न.पा. ७ (संकल्प बहुउद्देश्यिय कृषि तथा पशुपंक्षी फर्म क.न.पा. ७)
४. मनोज अधिकारी क.न.पा. ३ (जुनार उत्पादन कृषि सहकारी संस्था लि.)
५. श्रवण थापा क.न.पा. ७ (मातृभुमी अर्गानीक मल्टिएग्रो फार्म हाउस क.न.पा. ७)

निर्णय नं.३१:- कमलामाई नगरपालिकाको आ.ब. २०७९/८० को बार्षिक स्विकृत अमिलो जातका वालिमा विषादी परिक्षण तथा वितरण कार्यक्रम अन्तरगत रु.१०००००।(अक्षरुपी एक लाख मात्र) विनियोजन गरिको र प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यन्वय ईकाई सिन्धुली ले पनि जुनारमा यसै प्रकृतिका कार्यक्रम संचालन गर्ने भएको हुँदा कमलामाई नगरपालिका वडा नं. ३ को जुनार खेती गर्ने कृषकमा लक्षित कार्यक्रम संचालन गर्दा यस शिर्षक संग प्रकृती मिल्ने कार्यक्रम भएमा उक्त कार्यालय संग समन्वय गरि संचालन गर्ने भनि निर्णय गरियो।